# धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को अनुसूचीमा हेरफेर सम्बन्धमा

नेपाल सरकार, अर्थ मन्त्रालयबाट धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ४३ बमोजिम अनुसूची–१४ मा रहेको धितोपत्र दलाली वापत लिन सक्ने सेवा शुल्क देहाय बमोजिम हेरफेरका लागि स्वीकृति प्रदान भई आएकोमा उक्त हेरफेर मिति २०८१ जेठ १ गतेदेखि लागु गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| **विद्यमान व्यवस्था** | **हेरफेर भएको व्यवस्था** | **लागु हुने मिति** |
|---|---|---|
| १. संगठित संस्थाको शेयरको प्रत्येक खरिद तथा बिक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :<br><br>(क) रु. ५०,०००।- सम्मको कारोवारमा - ०.४० प्रतिशत<br>(ख) रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा - ०.३७ प्रतिशत<br>(ग) रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा - ०.३४ प्रतिशत<br>(घ) रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा - ०.३० प्रतिशत<br>(ङ) रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा - ०.२७ प्रतिशत | १. संगठित संस्थाको शेयरको प्रत्येक खरिद तथा बिक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :<br><br>(क) रु. ५०,०००।- सम्मको कारोवारमा - ०.३६ प्रतिशत<br>(ख) रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा - ०.३३ प्रतिशत<br>(ग) रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा - ०.३१ प्रतिशत<br>(घ) रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा - ०.२७ प्रतिशत<br>(ङ) रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा - ०.२४ प्रतिशत | २०८१/०२/०१ देखि |